# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ६ गते २०२६ साल

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाहीसेनाको निमित्त ब्यारेक बनाउने कामको लागि वाग्गमती अञ्चल धादिङ जिल्ला, धादिङ गजुरी राक्सीं गाउं पञ्चायत अन्तरगत वार्ड नं. १ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत एस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व पति भीरपाखो, पश्चिम दनुवाटार बस्ने रामचन्द्र उप्रेतीको जग्गा, उतर भैरबीदल गुल्म गजुरी क्याम्प, दक्षिण राजमार्ग यति ४ किल्लाभित्र पर्ने कि. नं. ४, ५, ६, ७ को किसिम धनहर अवलको जम्मा जग्गा रोपनी २०–१०–३ (वीसरोपनी दशआना तीनपैसा) को मालपोत रू. ३७।१९ (सैंतीसरूपैयाँ उन्नाईसपैसा) लागेको जग्गा कित्ता एक – – १

पूर्व गजुरी क्याम्पको सुबिदार, जमदारको क्वाटर, पश्चिम तोयनाथ पाठकको निजी जग्गा, दक्षिण कृष्णप्रसाद उप्रेतीको र झलकबहादुर खरेलको जग्गा, उतर गजुरी क्याम्पको सीमाना यती ४ किल्लाभित्र पर्ने किसिम धनहर अवलको कि. नं. १ को जग्गा १–८ $\frac{१}{२}$ (एकरोपनी साढेआठआना) को मालपोत रू.२।७१ (दुईरूपैयाँ एकहत्तरपैसा) लागेको जग्गा कित्ता एक – – – – – – – – – – – – – – – – – – – – – – – १

आज्ञाले–

ढुण्डिराज शर्मा

श्री ५ को सरकारको सचिव

227



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएंपछि मात्र लागु हुनेछ।